जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २६७ • २०८३ श्रावण १ गते शुक्रवार • 17 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## मधेश प्रदेशमा नेपाली कांग्रेस नेतृत्वको सरकारलाई निरन्तरता दिने सहमति

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३२ असार**

केन्द्रमा नेपाली कांग्रेस र नेकपा एमालेबीचको सत्ता समीकरणमा फेरबदलको चर्चा चलिरहे पनि त्यसको प्रत्यक्ष असर मधेश प्रदेश सरकारमा तत्काल नपर्ने सत्तारुढ दलका नेताहरूले बताएका छन् ।

मधेश प्रदेशमा नेपाली कांग्रेस नेतृत्वको सरकारलाई निरन्तरता दिने सहमति भएको दाबी गरिएको छ । मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारमा सहभागी कांग्रेस, नेकपा एमाले र नेकपाका नेताहरूबीच छलफलपछि हालको गठबन्धनलाई कायम राख्ने समझदारी बनेको हो । मुख्यमन्त्री यादव, नेकपा एमाले मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादव र अर्थमन्त्रीसमेत रहेका नेकपा संसदीय दलका नेता युवराज भट्टराईबीच भएको छलफलमा प्रदेश सरकारको स्थायित्वबारे कुराकानी भएको बताइएको छ । गत जेठ १२ गते



सरकार विस्तारका क्रममा तीन दलबीच निर्वाचनसम्मै गठबन्धनलाई निरन्तरता दिने गरी १५ बुँदे सहमति भएको थियो ।

सोही सहमतिअनुसार सरकार अगाडि बढ्ने नेताहरूको भनाइ छ । नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवले प्रदेश तहमा गठबन्धनभित्र कुनै समस्या नरहेको भन्दै केन्द्रको राजनीतिक घटनाक्रमले मधेश सरकार प्रभावित नहुने बताए । उनले भने, 'प्रदेशस्तरमा तीन दलबीच कुनै समस्या छैन । केन्द्रमा हुने राजनीतिक परिवर्तनलाई प्रदेशमा पनि लागू गर्नुपर्छ भन्ने अवस्था छैन । विगतमा पनि केन्द्र र प्रदेशमा फरक-फरक राजनीतिक अभ्यास भएका छन् ।' यस्तै, नेकपा संसदीय दलका नेता एवं अर्थमन्त्री युवराज भट्टराईले मधेश प्रदेश सरकार अन्य प्रदेशभन्दा फरक परिस्थितिमा बनेकाले गठबन्धन कायम रहने दाबी गरे । उनका अनुसार हालै प्रदेश सरकारले ल्याएको बजेटसमेत सर्वसम्मत रूपमा पारित भएकाले सरकारलाई स्थिर रूपमा अघि बढाउने विषयमा छलफल भएको छ । 'मधेश प्रदेश सरकार विशेष परिस्थितिमा बनेको हो । अन्य प्रदेशको राजनीतिक प्रभावले यहाँको गठबन्धनमा असर पार्दैन,' भट्टराईले बताए । गत मंसिर १९ गते कांग्रेस, जसपा नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी र नेकपा एकीकृत समाजवादीसहित ७७ जना प्रदेशसभा सदस्यको समर्थनमा कृष्णप्रसाद यादव मुख्यमन्त्री बनेका थिए ।

हाल कांग्रेस, एमाले र नेकपाको समर्थनमा सञ्चालन भइरहेको मधेश प्रदेश सरकारलाई आगामी निर्वाचनसम्म निरन्तरता दिने सत्तारुढ दलका नेताहरूको दाबी छ ।

## अवैध उत्खननले निम्त्याएको मौन विपत्ति: बालबालिकाको जीवनमाथि बढ्दो जोखिम र राज्यको जिम्मेवारी

**- रामप्रसाद लुइटेल**
**जिल्ला समन्वय अधिकारी**
**जिल्ला समन्वय समितिको कार्यालय, जलेश्वर**




नेपालमा हरेक वर्ष वर्षायाम सुरु भएसँगै डुबेर मृत्यु हुने बालबालिकाको संख्या बढ्ने गरेको तथ्याङ्क सार्वजनिक हुँदै आएको छ । यो केवल प्राकृतिक विपत्ति मात्र होइन, मानव सिर्जित लापरबाहीको परिणाम पनि हो। विशेषगरी मधेश प्रदेशमा नदी, खोला, पोखरी तथा उत्खननपछि खुला छाडिएका गहिरा खाल्डाहरू बालबालिकाका लागि मृत्युका पासो बन्दै गएका छन् ।

हालै बाल अधिकारका लागि नागरिक समाज संस्था सञ्जाल (CSOs Network for Child Right–CNCR), मधेश प्रदेश, नेपालका अध्यक्ष दीपक कुमार झा तथा सचिव देवकुमारी महराको हस्ताक्षरमा डुबेर बालबालिकाको मृत्युका घटनाप्रति गम्भीर ध्यानाकर्षण गराउँदै जारी गरेको पत्र प्रदेश बाल सञ्जाल, जलेश्वरकी प्रतिनिधि महिमा कुमारी शाह मार्फत जिल्ला समन्वय समितिको कार्यालय, महोत्तरीमा प्राप्त भएको छ ।

उक्त पत्रले मधेश प्रदेशमा बालबालिकाको डुबेर मृत्यु भएका बढ्दो घटनाप्रति राज्यका सबै निकायको गम्भीर ध्यानाकर्षण गराएको छ । यस ध्यानाकर्षण पत्रमा उल्लेख गरिएका विषयहरू महोत्तरी जिल्लाको यथार्थसँग पनि मेल खान्छन् । जिल्लाका विभिन्न नदी, खोलानाला तथा ढुङ्गा-गिटी-बालुवा उत्खनन गरिएका क्षेत्रमा निर्माण भएका विशाल खाल्डाहरू वर्षायाममा पानीले भरिएर अत्यन्त जोखिमयुक्त बनेका छन् । यस्ता खाल्डाहरूमा खेल्ने क्रममा बालबालिका, चौपाया तथा सर्वसाधारण डुब्ने सम्भावना अत्यधिक हुन्छ । दुःखको कुरा, यस्ता दुर्घटनाबाट ज्यान गुमाएका घटनाहरू वर्षेनी दोहोरिइरहेका छन् । विकास निर्माणको नाममा प्राकृतिक स्रोतको अवैध दोहन हुनु स्वाभाविक मान्न सकिन्न । साथै उत्खननपछि वातावरणीय पुनःस्थापना नगरी गहिरा खाल्डाहरू खुला छाड्नु विकास होइन, यो त गैरजिम्मेवारी हो। यस्तो कार्यले वातावरण मात्र बिगार्दैन, निर्दोष नागरिकको जीवनमाथि प्रत्यक्ष खतरा पनि

बांकी पृष्ठ ३ मा ।

## उद्योग विस्तारदेखि स्टार्टअपसम्म मन्त्री पटेलको प्राथमिकता

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ३२ असार**

मधेस प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री कनिष पटेलले आगामी आर्थिक वर्षका लागि उद्योग विस्तार, उद्यमशीलता विकास, लगानी प्रवर्द्धन तथा पर्यटन क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै महत्वाकांक्षी कार्यक्रम अघि सारेका छन्। प्रदेशको अर्थतन्त्रलाई गतिशील बनाउने, रोजगारी सिर्जना गर्ने तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ करोडौं रुपैयाँका विभिन्न योजना बजेटमा समेटिएका छन् ।

मन्त्री पटेलको पहलमा जनकपुरलाई विवाह पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्न 'जनकपुर वेडिङ डेस्टिनेसन' कार्यक्रमका लागि रु. १ करोड बजेट विनियोजन गरिएको छ । धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको जनकपुरलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विवाह गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य लिइएको



छ। उद्यमशीलता प्रवर्द्धनतर्फ नयाँ उद्यमीलाई ब्याज अनुदानका लागि रु. ५ करोड तथा स्टार्टअप उद्यमीलाई प्रविधि उपकरण हस्तान्तरणका लागि रु. १ करोड बजेट छुट्याइएको छ। यी कार्यक्रमले विशेषगरी युवा उद्यमीलाई व्यवसाय स्थापना तथा विस्तारमा सहयोग पुग्ने र स्वरोजगारका अवसर वृद्धि हुने अपेक्षा गरिएको छ ।

औद्योगिक क्षेत्रका श्रमिकहरूको सामाजिक सुरक्षालाई सुदृढ बनाउन अनिवार्य सुरक्षा बिमाका लागि रु. २० लाख विनियोजन गरिएको छ । साथै, कर प्रणालीप्रति आकर्षण बढाउन उत्कृष्ट करदाता सम्मान तथा उद्योग प्रवर्द्धनका लागि प्रदेशस्तरीय औद्योगिक मेला आयोजना गर्ने कार्यक्रमसमेत बजेटमा समावेश गरिएको छ । पर्यटन क्षेत्रको दीर्घकालीन विकासका लागि पर्यटन सम्भाव्यता अध्ययन तथा पर्यटकीय सम्पदाको मापदण्ड निर्माण गर्ने योजना पनि अघि सारिएको छ । यसले प्रदेशका पर्यटन गन्तव्यहरूको व्यवस्थित विकास र प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

मन्त्री कनिष पटेलले यी कार्यक्रमले उद्योग विस्तार, निजी लगानी आकर्षण, रोजगारी सिर्जना तथा पर्यटन प्रवर्द्धनमार्फत मधेस प्रदेशको आर्थिक समृद्धिको आधार मजबुत बनाउने विश्वास व्यक्त गरेका छन् । साथै, उद्योग दर्ता प्रक्रियालाई थप सहज, छरितो र प्रविधिमैत्री बनाउन नयाँ अनलाइन उद्योग दर्ता प्रणालीको औपचारिक उदघाटन विरगंजमा भोलि गरिने जानकारी पनि दिएका छन् ।

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र विक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं ।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

नेपाल सरकार
विज्ञापन बोर्ड

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबर्द्धनको गुरू
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# धर्म सुखकै एउटा अंश

*सेवा धर्म हो र धर्म सुखकै एउटा अंश रहेको छ । यसैले सुख सेवामा पनि पाईन्छ । एउटा भोकाएको मानिसलाई खाना खुवाउँदा, एउटा निराश मानिसलाई आशा दिँदा, एउटा बालबालिकालाई शिक्षा दिलाउँदा, एउटा वृद्धको हात समातिरहँदाका आनन्द कुनै पुरस्कारभन्दा ठूलो हुन सक्छन । यही कारणले संसारका धेरै सफल व्यक्तिहरू अन्ततः समाजसेवा तर्फ आकर्षित भइरहेका पनि छ । मानिसले आफ्नो लागि कमाएको सम्पत्तिले उसलाई सीमित आनन्द दिन्छ, तर अरूको जीवनमा उज्यालो ल्याएको क्षणले दीर्घकालीन सन्तुष्टि दिन सक्ने देखिन्छ । स्वीकार गर्ने क्षमतामा पनि सुख लुकेको हुन्छन । जीवन इच्छा अनुसार मात्र चल्दैन । कहिले हार भोग्नुपर्छ त कहिले जितको खुशी पनि हुन्छ । कहिले सम्बन्धहरू टुट्छ । कहिले सपना अधुरा रहन्छ । जीवनको परिपक्वता भनेको सबै कुरालाई नियन्त्रण गर्न सक्नुमात्र पनि होइन, नियन्त्रण गर्न नसकिने अवस्थालाई पनि धैर्यपूर्वक स्वीकार गर्न सक्नु पनि रहेको छ । जसले परिवर्तनलाई शत्रु होइन, शिक्षकका रूपमा स्वीकार गर्न सिक्छ, उसले दुःखभित्र पनि अर्थ भेट्टाउन सक्छन । सुखको सबैभन्दा ठूलो रहस्य कृतज्ञताभित्र पनि लुकेको हुन्छन ।*

*हामीसँग नभएका कुराको सूची धेरै लामो हुन्छन । तर यदि हामीसँग भएका कुराको सूची बनाउन थाल्यौं भने जीवनप्रतिको दृष्टिकोण नै बदलिन सक्ने देखिन्छ । हेर्ने आँखा छ, सुन्ने कान छ, हिँड्ने खुट्टा छ, सोच्ने मस्तिष्क छ, माया गर्ने मानिसहरू पनि रहेको छ । यी सबै सामान्य लाग्न सक्छ, तर यिनै कुराको अभाव भएका लाखौं मानिस संसारमा रहेका छन । कृतज्ञताले अभावको होइन, उपलब्धिको दृष्टि दिन्छ र जहाँ कृतज्ञता हुन्छ, त्यहाँ असन्तुष्टि टिक्न गाह्रो हुन्छ । भएको जतिमा खुशी रहौं र सबैमा खुशी बाटौं ।*

# धनकुटा कारागारको अवस्था, सुरक्षा व्यवस्था र चुनौतिका बारेमा जानकारी लिन अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा अनुगमन

**जलेश्वरटुडे समाचारदाता**
**धनकुटा, ३२ असार**



सुधार गृहको रूपमा हुनुपर्ने कारागारमा ठूलो सङ्ख्यामा कैदीबन्दी राखिएकाले धनकुटा कारागारको अवस्था, सुरक्षा व्यवस्था र चुनौतिका बारेमा जानकारी लिन अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले अनुगमन गरेको छ । इन्सेक कोशी प्रदेश संयोजक मनोहर कुमार पोखरेल नेतृत्वको टोलीले हिरासत कक्ष र कारागारको अवस्थाका साथै थुनुवा र कैदीबन्दीहरूको आधारभूत मानव अधिकार, स्वास्थ्य अवस्था, खानपान, सरसफाइ र उनीहरूमाथि हुने व्यवहारको बारेमा स्थलगत अनुगमन गरेको हो। इन्सेकले कारागार र हिरासत कक्षमा क्षमताभन्दा बढी मानिस राखिएको/नराखिएको, उनिहरूमाथि कुनै पनि किसिमको यातना वा अमानवीय व्यवहार भए/नभएको, थुनुवाहरूको नियमित स्वास्थ्य परीक्षण भए/नभएको, कानुन व्यवसायी र परिवार भेट्न र स्वतन्त्र रूपमा बयान दिन पाए/नपाएको, स्वच्छ खानेपानी तथा शौचालयको सुविधा र सुत्ने ठाउँको अवस्था र आधारभूत औषधोपचारको पहुँचको अवस्थाबारे बुझ्न नियमित रूपमा अनुगमन गर्दै आएको छ ।

"सरकारकै नीतिअनुरुप कारागारहरूलाई यातना गृहबाट सुधार गृहमा रूपान्तरण गर्नु र कैदीबन्दी तथा थुनुवाहरूको आधारभूत मानव अधिकार सुनिश्चित गर्नु अनुगमनको उद्देश्य हो" इन्सेक कोशी प्रदेश संयोजक पोखरेलले भन्नुभयो- "कारागारमा क्षमताभन्दा चार गुणा बढी कैदीबन्दी राख्नु पर्दा सुरक्षा व्यवस्था चुनौतिपूर्ण रहेको र यसले कैदीबन्दीहरू आधारभूत मानव अधिकारबाट समेत वञ्चित रहनु परेको पाइयो ।" कारागारमा कैद भोगिरहेका कैदीहरुलाई समाजमा पुनर्स्थापित गर्न आवश्यक पर्ने ज्ञान, सीप, नैतिकता र आत्मविश्वासको विकास गर्नु आवश्यक रहेको भन्नुहुँदै पोखरेलले कैदीहरुलाई विभिन्न तालिम, प्रशिक्षणबाट सुधार गरी समाजोपयोगी नागरिकमा रुपान्तरण गर्दै समाजमा पुनर्स्थापना गर्ने प्रयास राज्यको हुनुपर्ने बताउनु भयो । कैदीबन्दीहरुको बाँच्न पाउने अधिकार, स्वास्थ्यको अधिकारप्रति बढी संवेदनशील हुन उहाँले आग्रह गर्नुभयो । जम्मा ३५ जनाको क्षमता रहेको धनकुटा कारागारको पुरुष कक्षमा एक सय ६९ जना कैदीबन्दी रहेका छन् भने १५ जना क्षमता भएको महिला कारागारमा तीन जना कैदी रहेका छन् । कारागारका कैदीबन्दीहरुले खान, बस्न, सुत्न, परिवारसँगको भेटघाटसहित पत्रपत्रिका, रेडियो, टेलीभिजन, टेलिफोनको व्यवस्था भएको बताए ।

कारागारमा रहेका २० जना कैदीवन्दीहरुले सामुहिक रुपमा मुढा लगायतका बाँसका सामाग्री बनाएर बिक्री गर्दै आएका छन् । कारागारका चौकीदार रामकुमार राईले कारागारमा शौचालयको शेफ्टी ट्याङ्कीको निकास र खानेपानीको समस्या रहेको बताउनु भयो। कारागारका जेलर सन्दीप न्यौपानेले कारागार भित्र महिला कक्षमा एक ओटा र पुरुष कक्षमा आठ ओटा टेलिभिजन र चार ओटा टेलिफोन रहेको तथा पुरुष कक्षमा ६ ओटा शौचालय तथा महिला कक्षमा एक ओटा शौचालय रहेको बताउनु भयो । कारागारमा दरबन्दी रहेपनि करिब दुई वर्षदेखि अहेवको पद खाली रहेको र केही समयदेखि कम्प्युटर अपरेटरको दरवन्दी पनि खाली रहेको जेलर न्यौपानेले बताउनु भयो । जिल्ला प्रहरी कार्यालय, धनकुटाको थुनुवा कक्षको अनुगमनका क्रममा नयाँ निर्माण भएको प्रहरी कार्यालयको भवनमा महिला, बालबालिका र ठूला मानिसका लागि छुट्टाछुट्टै तीनओटा हिरासत कक्ष रहेका छन् । जसमा एक महिलासहित २३ जना थुनुवा रहेका थिए । लागु औषधका आरोपित थुनुवाहरुले हिरासत कक्षमा लामो समय बस्नु पर्ने भएकाले टेलिभिजनको व्यवस्था हुनुपर्ने माग गरे। जिल्ला प्रहरी कार्यालयका एसपी नारायण रञ्जितकारले नयाँ भवन बनेपछि मानव अधिकारमैत्री थुनुवा कक्ष भएको र बन्दीहरुलाई मैत्रीपूर्ण व्यवहार गर्ने गरिएको बताउनु भयो । जिल्ला प्रहरी कार्यालयमा आउने सेवाग्राही र थुनुवाका आफन्तहरूलाई सहजीकरण गर्न नागरिक सहायता कक्ष नै स्थापना गरी आवश्यक सहयोग गर्ने गरिएको उहाँले बताउनु भयो । कारागार अनुगमनमा इन्सेक प्रदेश संयोजक पोखरेलसहित इन्सेक प्रतिनिधी ईश्वर थापा र पत्रकार सन्तोष सुवेदीलगायतको सहभागिता रहेको थियो ।

सोही क्रममा इन्सेक प्रदेश प्रमुख पोखेलले धनकुटा जिल्ला अदालतका प्रमुख न्यायाधीश हरिश्चन्द्र इङ्नाम, प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, जिल्ला प्रहरी प्रमुख नारायण रञ्जितकार, जिल्ला कारागारका जेलर सन्दीप न्यौपाने, नेपाल पत्रकार महासंघका अध्यक्ष बिदुर खवासलाई नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६, स्थितीसूचक र इन्सेक डायरी हस्तान्तरण गर्नुभयो । उहाँहरुसँग जिल्लामा मानव अधिकार र शान्ति सुरक्षाको अवस्था, नागरिकको जीवनस्तरमा मानव अधिकारको प्रत्याभूति, कानुन कार्यान्वयनका चुनौती, न्यायमा पहुँचको स्थिति, एकापसप्रतिको अपेक्षाबारे छलफल र सुझावहरु आदानप्रदान भएको थियो ।

# महत्वपूर्ण दुई विधेयक प्रमाणीकरण



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३२ असार**

मधेश प्रदेश प्रमुख डा. सुरेन्द्रप्र लाभ कर्णले मधेश प्रदेश सभाबाट पारित भएका आर्थिक वर्ष २०८३/८४ सँग सम्बन्धित दुई महत्वपूर्ण विधेयक प्रमाणीकरण गरेका छन् ।

प्रदेश प्रमुखको कार्यालयले बिहीबार जारी गरेको विज्ञप्ति अनुसार नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम आर्थिक वर्ष २०८३/८४ को सेवा तथा कार्य सञ्चालनका लागि मधेश प्रदेश सञ्चित कोषबाट रकम विनियोजन तथा खर्च गर्ने सम्बन्धी विनियोजन विधेयक, २०८३ र मधेश प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०८३ प्रमाणीकरण गरिएको हो । दुवै विधेयक असार ३२ गते प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका हुन् । प्रदेश सभाले पारित गरी प्रमाणीकरणका लागि पठाएका यी विधेयक प्रमाणीकरण भएसँगै आगामी आर्थिक वर्षका लागि बजेट कार्यान्वयन र राजस्व तथा आर्थिक व्यवस्थासम्बन्धी कानुनी प्रक्रिया औपचारिक रूपमा अघि बढ्ने भएको छ ।

## तपाईको टुडे

मेषः मित्रतामा फाटो आउने
वृषः पिछडेको साथी मिल्ने
मिथूनः अनावश्यक चिन्ता
कर्कटः अनावश्यक खर्चको संभावना
सिंहः शुभ कार्यको शुरुवात
कन्याः लामो यात्राको योग छ
तुलाः अशुभ समाचार प्राप्त हुने
वृश्चिकः खानपानमा समस्या आउने
धनुः मनमा पछुतो आउने
मकरः विचार गरेर बोल्नुहोला
कूम्भः पढाईमा ध्यान दिनुपर्ने
मीनः आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# युद्धविरामको एक महिना बितिसक्दा पनि गाजामा रोकिएन इजरायली आक्रमण



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३२ असार

इजरायल र हमासबीच युद्धविराम लागू भएको करिब एक महिना बितिसक्दा पनि गाजामा इजरायली हवाई तथा स्थलगत आक्रमण रोकिएको छैन ।

पछिल्लो दुई दिनमा भएका विभिन्न आक्रमणहरूमा प्रहरी अधिकारी सहित कम्तीमा एक दर्जन प्यालेस्टिनीहरूको मृत्यु भएको स्थानीय स्वास्थ्य अधिकारीहरूले जनाएका छन् । अल अक्सा अस्पतालका अनुसार बुधबार मध्य गाजामा एकै परिवारका तीन जनाको हवाई आक्रमणमा मृत्यु भएको छ । त्यसअघि मङ्गलबार उत्तरी गाजाको घना बस्ती रहेको जबलिया शरणार्थी शिविरस्थित प्रहरी चौकीमा इजरायलले आक्रमण गरेको थियो । उक्त आक्रमणमा चौकीका प्रमुख तथा वरिष्ठ प्रहरी कमान्डर कर्नेल मोहम्मद मारवान सलेमसहित छ जना प्रहरी अधिकारी र एक महिलाको ज्यान गएको छ ।

यस्तै, दक्षिणी सहर खान युनुसको टेन्ट शिविरमा भएको बम विस्फोटमा एक जनाको र रफाहबाहिरको मुवासी क्षेत्रमा इजरायली सैनिकको गोली लागेर एक बालकको मृत्यु भएको अस्पताल अधिकारीहरूले बताएका छन् । इजरायली सेनाले जबलियाको घटनाबारे प्रतिक्रिया दिँदै मारिएका प्रहरीमध्ये चार जना हमासका लडाकू रहेको दाबी गरेको छ। सेनाले सैन्य प्रयोजनका लागि प्रयोग भएका वा सशस्त्र गतिविधिमा संलग्न व्यक्तिहरू रहेका प्रहरी चौकीलाई वैध सैन्य लक्ष्य मान्ने नीति दोहोर्‍याएको छ। तर, उनीहरू सैन्य गतिविधिमा संलग्न रहेको कुनै प्रमाण इजरायलले सार्वजनिक गरेको छैन ।

---

## अवैध उत्खननले निम्त्याएको मौन........

उत्पन्न गर्छ। आर्थिक लाभका लागि गरिएको अवैध उत्खननले अन्ततः समाजलाई अपूरणीय क्षति पुऱ्याइरहेको छ ।

नेपालको संविधानको धारा १६ (बाँच्न पाउने हक), धारा ३९ (बालबालिकाको हक), धारा ३० (स्वच्छ वातावरणको हक) तथा धारा ५१ मा उल्लेखित वातावरण संरक्षणसम्बन्धी राज्यका नीतिहरूले नागरिक तथा बालबालिकाको जीवन सुरक्षाको प्रत्याभूति गरेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहको सार्वजनिक सम्पत्ति संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा वातावरण संरक्षण गर्ने,वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम वातावरणीय क्षति न्यूनीकरण तथा उत्खननपछि पुनःस्थापना (Rehabilitation) गर्ने ,बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम बालबालिकाको जीवन र सुरक्षाको संरक्षण गर्ने, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम पूर्वतयारी तथा जोखिम न्यूनीकरण गर्ने, खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा नियमावली, मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत लापरबाही वा गैरकानुनी कार्यबाट मानव जीवनमा जोखिम सिर्जना गर्ने कार्य दण्डनीय हुने व्यवस्था, समेतका कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयन अपरिहार्य देखिएको छ। अत: सम्बन्धित सबै मन्त्रालय, सुरक्षा निकाय, स्थानीय तह तथा सरोकारवाला निकायहरूलाई आ-आफ्नो अधिकार क्षेत्रभित्र रही देहायका कार्यहरू तत्काल कार्यान्वयन गर्न गराउन आवाश्यक छ ।

१. महोत्तरी जिल्लाभित्र रहेका सबै उत्खनन क्षेत्र, क्रसर उद्योग तथा नदीजन्य पदार्थ उत्खनन स्थलहरूको संयुक्त अनुगमन गरी जोखिमयुक्त खाल्डाहरूको अभिलेखीकरण गर्ने ।

२. उत्खननपछि खुला अवस्थामा रहेका गहिरा खाल्डाहरू तत्काल पुर्ने, सम्याउने, घेराबार गर्ने तथा चेतावनी बोर्ड राख्न सम्बन्धित उद्योग वा निर्माण कम्पनीलाई निर्देशन दिने ।

३. इजाजत विपरीत नदीजन्य पदार्थ उत्खनन गर्ने, खाल्डा बनाई खुला छोड्ने तथा वातावरणीय मापदण्ड उल्लङ्घन गर्ने उद्योग, कम्पनी तथा व्यक्तिविरुद्ध प्रचलित कानूनबमोजिम कारबाही गर्ने ।

४. जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलबाट नियमित सुरक्षा निगरानी तथा अवैध उत्खनन नियन्त्रण अभियान सञ्चालन गर्ने ।

५. स्थानीय तहहरूले विद्यालय, अभिभावक, समुदाय तथा बाल क्लबसँग समन्वय गरी डुबेर हुने दुर्घटना न्यूनीकरणसम्बन्धी व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

६. वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) का सर्तहरूको कडाइका साथ पालना गराउने तथा उत्खननपछि पुनःस्थापनाको व्यवस्था अनिवार्य गराउने ।

७. हेलो सरकार तथा सम्बन्धित मन्त्रालयहरूले यस विषयलाई सार्वजनिक सुरक्षा, बालअधिकार तथा वातावरण संरक्षणसँग जोडिएको उच्च प्राथमिकताको विषयका रूपमा लिई आवश्यक समन्वय र अनुगमन गर्ने ।

८. सम्बन्धित निकायहरूले गरेका कार्यहरूको प्रगति विवरण जिल्ला समन्वय समितिको कार्यालय, महोत्तरीलाई उपलब्ध गराउने ।

बालबालिकाको जीवन रक्षा, सार्वजनिक सुरक्षा, वातावरण संरक्षण तथा कानूनको प्रभावकारी कार्यान्वयन राज्यका सबै निकायहरूको साझा दायित्व भएकाले यस विषयलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिदिनु हुन त्यसैले उत्खननपछि जोखिमपूर्ण खाल्डा खुला छाड्नु कानुनी र नैतिक दुवै दृष्टिले स्वीकार्य हुन सक्दैन ।


यस समस्याको समाधानका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, वन कार्यालय, सम्बन्धित मन्त्रालयहरू तथा उद्योगी व्यवसायी सबैले आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ। अवैध उत्खननलाई तत्काल नियन्त्रण गर्ने, उत्खननपछि बनेका खाल्डाहरू पुर्ने वा सुरक्षित बनाउने, जोखिमयुक्त स्थानमा चेतावनी बोर्ड राख्ने, नियमित अनुगमन गर्ने र कानुन उल्लङ्घन गर्ने जो-कोहीलाई कडा कारबाही गर्ने व्यवस्था लागू हुनुपर्छ ।

त्यसैगरी स्थानीय तहहरूले विद्यालय, अभिभावक, बाल क्लब तथा समुदायसँग सहकार्य गरी बालबालिकालाई पानीजन्य जोखिमबारे सचेत गराउनुपर्छ । सञ्चारमाध्यम, नागरिक समाज र सामाजिक संघसंस्थाहरूले पनि जनचेतना अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्न आवश्यक छ। बालबालिका राष्ट्रका भविष्य हुन्। उनीहरूको जीवन रक्षा कुनै एक निकायको मात्र जिम्मेवारी होइन, सम्पूर्ण राज्य र समाजको साझा दायित्व हो। विकासका नाममा बनाइएका मृत्युका खाल्डाहरू अब तत्काल अन्त्य हुनुपर्छ। प्राकृतिक स्रोतको उपयोग दिगो विकासका सिद्धान्तअनुसार हुनुपर्छ, मानव जीवनको मूल्यभन्दा ठूलो कुनै पनि आर्थिक लाभ हुन सक्दैन ।

आजैबाट सबै निकाय सचेत र जिम्मेवार बन्यौँ भने भोलि थुप्रै निर्दोष बालबालिकाको जीवन जोगाउन सकिन्छ । यदि हामी अझै मौन बस्यौँ भने प्रत्येक दुर्घटना केवल एउटा समाचार मात्र हुनेछैन, त्यो राज्य, समाज र हाम्रो सामूहिक जिम्मेवारी माथिको गम्भीर प्रश्न पनि हुनेछ ।

# ट्विटरको डीएमदेखि विवाहसम्म: निक र प्रियंकाको पहिलो कुराकानीको स्क्रिनसट भाइरल

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३२ असार




ग्लोबल आइकन प्रियंका चोपडा र अमेरिकी पप स्टार निक जोनासको प्रेमकथा कुनै फिल्मी स्क्रिप्टभन्दा कम छैन ।

हालै 'जोनास ब्रदर्स' को पोडकास्टमा यस स्टार जोडीले आफ्नो प्रेम जीवनसँग जोडिएका कैयौँ चाखलाग्दा खुलासा गरेका छन्। यस क्रममा निक जोनासले १० वर्षअघि प्रियंका चोपडासँग प्रेमको सुरुवात गराउने पहिलो डाइरेक्ट म्यासेज (डीएम) को समेत चर्चा गरे । पोडकास्टका क्रममा निकले प्रियंकासँग भएको पहिलो कुराकानीको स्क्रिनसट सेयर गर्दै कसरी डेटिङको सुरुवात भयो भन्नेबारे बताए। निकका अनुसार उनका भाइ केभिन जोनासले पहिलो पटक प्रियंकाको शो 'क्वान्टिको' बारे जानकारी दिएका थिए। निकले बिलबोर्डमा सो शोको पोस्टर देखेपछि घर पुगेर तुरुन्तै प्रियंकालाई म्यासेज पठाएका थिए । 'मैले सनसेट बुलेवार्डमा माथि हेरेँ र त्यहाँ प्रियंकाको अनुहार भएको एउटा ठूलो बिलबोर्ड थियो,' निकले भने, 'त्यसको लगत्तै मैले प्रियंकाले मलाई एक्स (ट्विटर) मा फलो गर्छिन् कि गर्दिनन् भनेर हेरेँ र भाग्यवश उनी मलाई पहिलेदेखि नै फलो गरिरहेकी रहिछन्।' त्यसपछि आफूले ढिला नगरी प्रियंकालाई पहिलो म्यासेज पठाएको उनले बताए ।

पोडकास्टमा देखाइएको स्क्रिनसट अनुसार निकले आफ्नो पहिलो म्यासेजमा लेखेका थिए, 'हेलो, मैले केही मानिसहरूबाट सुनेको छु कि हामी भेट्नुपर्छ। म पनि उनीहरूको कुरामा पूर्ण सहमत छु । के तिमी चाँडै कहिल्यै लस एन्जलस आउँदैछौ ?' यसको जवाफमा प्रियंकाले लेखेकी थिइन्, 'हे, ग्राहमले मलाई तिम्रो बारेमा धेरै कुरा बताएका छन् । फोनमा टेक्स्ट गरौँ, त्यो बढी प्राइभेट हुनेछ किनभने मेरो यो सोसल मिडिया अकाउन्ट मेरो टिमले पनि चलाउँछ ।' पोडकास्टमा जब जो र केभिनले यो च्याट पढेर सुनाए, तब प्रियंका र निक आफ्नो हाँसो रोक्न सकिरहेका थिएनन् र एक-अर्काको हात समातेर लजाइरहेका देखिन्थे । यो सामाजिक सञ्जालको कुराकानीपछि उनीहरूबिच निकटता बढ्दै गयो ।

सन् २०१७ मा प्रियंका र निक पहिलो पटक 'भ्यानिटी फेयर अस्कर्स आफ्टर-पार्टी' मा प्रत्यक्ष भेटेका थिए। त्यसपछि उनीहरू मेट गाला २०१७ मा सँगै देखिएपछि उनीहरूको सम्बन्धको चर्चाले बजार पायो ।





अनुरोधकर्ता
धनुषाधाम नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश






अनुरोधकर्ता
धनौजी गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

# लोकतन्त्रको क्षय: इतिहासको चेतावनी र नेपालको वर्तमान सन्दर्भ



आशिष तिवारी
महोत्तरी, ३२ असार

विख्यात अमेरिकी न्यायाधीश लर्न्ड ह्यान्डले भनेका थिए, "स्वतन्त्रता मानिसहरूको हृदयमा जीवित रहुन्जेल मात्र टिकिरहन्छ ।" संविधान, संसद्, अदालत वा कानुन आफैंले लोकतन्त्र जोगाउँन सक्दैनन् । ती संस्थाहरूलाई जीवित राख्ने शक्ति नागरिक चेतना र स्वतन्त्र विचारको संस्कृतिमा निहित हुन्छ । लोकतन्त्रको मृत्यु सधैं बन्दुककै दम्भबाट मात्र हुन्छ भन्ने पनि छैन । न त कुनै एक दिन अचानक संविधान च्यातिन्छ, संसद् बन्द हुन्छ र नागरिकको स्वतन्त्रता पूर्ण रूपमा खोसिन्छ ।

सुरुमा जनताले सरकार शक्तिशाली भइरहेको ठान्छन् । तर इतिहासलाई अलि मात्र खोतल्ने हो भने, हरेक अटोक्रसीको सुरुवात यही बिन्दुबाट भएको देखिन्छ । कहि पनि लोकतन्त्र एकैपटक समाप्त हुँदैन ,यसको क्षय विस्तारै हुन्छ । संस्थाहरू बिस्तारै कमजोर बनाइन्छन्, प्रश्न गर्ने आवाजलाई राष्ट्रविरोधी साबित गर्ने ट्रेन्ड बसालिन्छ, अनि जनतालाई यस्तो मानसिकतामा पुऱ्याइन्छ जहाँ उनीहरू असामान्य कुरालाई पनि सामान्य ठान्न थाल्छन् । सत्तामा बसेका मठाधीश आफूलाई राष्ट्रको पर्याय झैँ प्रस्तुत गर्छन । सरकारमाथि प्रश्न उठाउनु भनेको देश बिकासमा सिधै बाधा बन्नु हो जस्ता भ्रम सृजना गरिन्छ । त्यसपछि खोक्रो राष्ट्रवादलाई भावनात्मक हतियार बनाइन्छ । वास्तविक समस्या जस्तै शिक्षा, बेरोजगारी, आर्थिक असमानता, प्रेस स्वतन्त्रताको ह्रास, संस्थागत पतनबाट ध्यान हटाउन राष्ट्र गौरव, सभ्यता, धर्मको रक्षा, बाहिरी शत्रु जस्ता नाराहरू अगाडि सारिन्छन् । इतिहासमा लगभग सबै अधिनायकवादी शक्तिहरूले यही रणनीति अपनाएका बुझिन्छ । यस्तो परिवर्तन सुरुवातमा जनतालाई स्वाभाविक लाग्छ । किनकि जनताले आफ्नो जीवनमा पहिलोपटक यस्ता अवस्थाहरु अनुभव गरिरहेका हुन्छन् । इतिहासको हरेक अटोक्रसीमा यही भएको थियो । पुराना सत्ताबाट उबिएको जनताको मनमा देशका लागि कठोर नेतृत्व चाहिन्छ, अहिलेको परिस्थितिमा स्वतन्त्रता भन्दा स्थिरता महत्वपूर्ण हो जस्ता विचार उठिरहेको हुन्छ । तर जबसम्म समाजले खतरा महसुस गर्छ, तबसम्म धेरै संस्थाहरू कमजोर भइसकेका हुन्छन् ।

विश्व इतिहासका धेरै उदाहरणहरूले यही तथ्य पुष्टि गर्छन् । प्राचीन रोमन गणतन्त्रको पतनबाट गणतान्त्रिक संस्थाहरू कसरी विस्तारै कमजोर बन्छन् भन्ने महत्वपूर्ण पाठ सिक्न सक्छौं । रोमन गणतन्त्रमा पनि सुरुमा जनप्रतिनिधि संस्था, शक्ति सन्तुलन र कानुनी परम्परा बलिया थिए । तर राजनीतिक ध्रुवीकरण, शक्तिशाली व्यक्तिहरूको उदय, संस्थाहरूको अवमूल्यन र नागरिकहरूको बढ्दो निराशाले गणतन्त्रलाई साम्राज्यमा रूपान्तरण गरिदियो । जुलियस सिजरको उदय अचानक भएको थिएन, त्यो दशकौंसम्म संस्थागत क्षय र राजनीतिक संकटको परिणाम थियो । बीसौं शताब्दीमा जर्मनीको वाइमर गणतन्त्रको अनुभव पनि लोकतन्त्रका लागि एक गम्भीर पाठ हो । प्रथम विश्वयुद्धपछिको आर्थिक संकट, चरम मुद्रास्फीति, बेरोजगारी र राजनीतिक अस्थिरताले जनतामा लोकतान्त्रिक व्यवस्थाप्रति निराशा बढाएको थियो । यही असन्तुष्टिको जगमा हिटलरले आफूलाई राष्ट्रको उद्धारकर्ता र स्थिरताको प्रतीकका रूपमा प्रस्तुत गर्न सफल भएका थिए । उनले पनि लोकतान्त्रिक प्रक्रियाकै प्रयोग गरेर सत्ता प्राप्त गरे र त्यसपछि क्रमश: प्रेस, न्यायालय, संसद् र अन्य संस्थाहरूलाई आफ्नो नियन्त्रणमा ल्याए । लोकतन्त्रको सबैभन्दा ठूलो विडम्बना नै यही हो कि कहिलेकाहीँ यसलाई समाप्त गर्ने शक्तिहरू लोकतन्त्रकै ढोकाबाट प्रवेश गर्छन् ।

जर्मनीमा त झन एडोल्फ हिटलरको नाजी शासनकालमा प्रचार मन्त्रालय नै स्थापना गरिएको थियो । यस मन्त्रालयको नेतृत्व जोसेफ गोबेल्सले गर्थे जस्को उद्देश्य नै नाजी विचारधारा जनतामाझ फैलाउनु, रेडियो, पत्रपत्रिका, चलचित्र र कलामाथि नियन्त्रण राख्नु र जनमतलाई नियन्त्रण गर्नु थियो । आजभोलि त "Goebbelsan propaganda" भन्ने एउटा सिद्धान्त नै छ जस्को अर्थ नै झुट, अर्धसत्य वा भ्रामक सूचनालाई बारम्बार दोहोऱ्याएर जनतालाई प्रभावित गर्ने प्रचार शैलीका लागि प्रयोग गरिन्छ । जोसेफ गोबेल्सको अनुसार, कुनै झुट एकपटक भनियो भने मानिसहरूले त्यसलाई झुटको रूपमा बुझ्न सक्छन्, तर त्यही झुटलाई बारम्बार र व्यापक रूपमा प्रचार गरिरह्यो भने मानिसहरूले अन्तत: त्यसलाई सत्य ठान्न थाल्छन् । हालैको बिश्व घटनाहरुमा पनि यस्ता उदाहरणहरू प्रशस्त छन् । भेनेजुएलामा लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचित नेतृत्वले न्यायपालिका, निर्वाचन निकाय र सञ्चार क्षेत्रमाथि प्रभाव बढाउँदै लग्यो । टर्की, हंगेरी, भारत तथा अन्य केही मुलुकहरूमा पनि निर्वाचित सरकारहरूले लोकतान्त्रिक संस्थाहरूलाई कमजोर बनाएको विषय अन्तर्राष्ट्रिय मिडियाहरुको प्रमुख चासोको बिषय बनेको थियो । यी उदाहरणहरूले लोकतन्त्रको एक चुनौती कहिलेकाहीँ निर्वाचित नेतृत्वबाटै आउन सक्ने तथ्य उजागर गर्छन् । जर्मनी, इटाली, स्पेन वा ल्याटिन अमेरिकाका धेरै देशहरूमा संविधान थिए, संसद् थिए, कानुन थिए, तर जब नागरिक चेतना कमजोर भयो, संस्थाहरू दबाबमा परे र समाजले स्वतन्त्रताको मूल्य बिर्सन थाल्यो, तब ती संरचनाहरूले पनि लोकतन्त्रलाई बचाउन सकेनन् ।

संविधान र संघीयताले मात्र लोकतन्त्रलाई बचाउन सकिँदैन । संविधान लोकतन्त्रको आधार हो र संघीयता लोकतन्त्रलाई बलियो बनाउने एउटा संरचनात्मक व्यवस्था । तर यी आफैंमा लोकतन्त्रको अन्तिम ग्यारेन्टी होइन । इटालीमा बेनिटो मुसोलिनीको शासन, स्पेनमा फ्रान्सिस्को फ्राङ्कोको सत्ता वा अन्य धेरै देशहरूमा स्थापित भएका अधिनायकवादी व्यवस्थाहरू कुनै एकै दिनमा जन्मिएका थिएनन् । ती सबै आआफ्नो मुलुकको राजनीतिक अस्थिरता, आर्थिक संकट, सामाजिक निराशा र जनताको असन्तुष्टिको पृष्ठभूमिबाट विकसित भएका व्यक्तिहरु थिए । पुराना सत्तासंग ह्रास खाएका जनताले सुरुमा बलियो नेतृत्व खोजे, व्यवस्था

*क्रमश:*

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
शहिदनगर नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday